- जोन अन्तर्गतका कृषक समूह, कानून बमोजिम दर्ता भएका कृषि उद्यमी तथा कृषि सहकारीहरूको विवरण अद्यावधिक गर्ने,
- परियोजनाको लक्ष्य र उद्देश्य हासिल गर्न सहयोगी कार्यक्रम सञ्चालन गर्ने,
- जोन अन्तर्गत सामूहिक खेती, सहकारी खेती, करार खेती र चक्लाबन्दी खेती प्रवर्द्धन गर्ने नीतिलाई कार्यान्वयन गर्ने,
- जोन अन्तर्गत कृषि पूर्वाधारहरूको विकास गर्ने,
- परियोजनाका सरोकारवालाहरू (स्थानीय तह, प्रदेश सरकार मातहतका निकाय, अनुसन्धान र कृषि फार्म केन्द्र) सँग समन्वय र सहकार्य गर्ने,
- परियोजनाको प्रगति नियमित रूपमा परियोजना व्यवस्थापन एकाइमा प्रतिवेदन गर्ने,
- परियोजनाबाट तोकिएका परियोजना कार्यान्वयन एकाइले प्रदेशस्तरमा समन्वय र रिपोर्टिङको समेत कार्य गर्ने,
- सञ्चालित जोन र सुपरजोनको प्रोफाइल तयार गर्ने र
- जिल्लामा सञ्चालित पकेट, ब्लक, जोन र सुपरजोन विकास कार्यक्रमको लागि परियोजनाको समन्वय एकाइको रूपमा कार्य गर्ने ।

## जोन निर्माणका लागि आवश्यक आधारहरू:

- कृषिमा आधारित उद्योग व्यवसायको लागि कच्चा पदार्थमा प्रयोग हुने बाली,
- स्थानीयस्तरमा रोजगारी सिर्जना गर्न सक्ने बाली/वस्तु,
- आयात प्रतिस्थापना र निर्यात प्रवर्द्धनमा सहयोग पुऱ्याउने बाली/वस्तु,
- सिँचाइ, सडक लगायतका आवश्यक पूर्वाधार भएको,
- तोकिएको क्षेत्रफलमा सामूहिक खेती तथा चक्लाबन्दी भएको/हुन सक्ने वा एउटै कोरिडोरमा रहेको,
- विगतमा सम्बन्धित बाली/वस्तुको ब्लक सञ्चालन भएको,
- हालको क्षेत्रफल, उत्पादन, उत्पादकत्व र समावेश हुने घरधुरी तथा खेती योग्य जग्गा,
- प्रस्तावित जोन क्षेत्रभित्र स्रोत केन्द्रको अवस्था, प्रमुख प्रशोधन तथा बजारीकरणका अवसरहरू,
- प्रस्तावित जोन क्षेत्रभित्र सामूहिक खेती तथा चक्लाबन्दीको हालको अवस्था एवम् विस्तारको सम्भावना,
- स्रोत केन्द्र विकासको अवस्था ।

## कार्यक्रमको लक्षित समुदाय/वर्ग:

**जोन विकास कार्यक्रम देहाय बमोजिमका लक्षित समुदाय/वर्ग सहभागी हुन पाउने छन्:-**

- स्थानीय तह वा अन्य सरकारी निकायमा नियमानुसार दर्ता भएका कृषक समूह,
- कृषि कार्य गर्ने उद्देश्यसहित सहकारी ऐन बमोजिम दर्ता भएका सहकारीहरू,
- नियमानुसार दर्ता भएका उपभोक्ता समितिहरू,
- कानून बमोजिम दर्ता भएका कृषि उद्यमी, फर्म वा कम्पनीहरू ।

## जोन सञ्चालन समन्वय समिति गठन एवम् जिम्मेवारी:

परियोजना कार्यान्वयन एकाइले जोन विकास कार्यक्रम सञ्चालनमा सहजीकरण र लाभग्राहीको अनुगमन गर्न लाभग्राहीको प्रतिनिधित्व रहने गरी परियोजना कार्यान्वयन एकाइमा जोन स्थापनाका लागि सूचीकृत भएका निश्चित क्षेत्रभित्रका संस्थाहरूको प्रतिनिधित्व हुने गरी ९ सदस्यीय जोन सञ्चालन समन्वय समिति गठन गर्नु पर्नेछ । यसरी गठन हुने समितिमा कम्तीमा ३ जना महिलाको सहभागिता हुनु पर्नेछ । सदस्य मध्ये एकजना समितिको संयोजक हुनेछ र समिति एवम् सदस्यको पदावधि २ आर्थिक वर्षको हुनेछ ।

**जोन सञ्चालन समन्वय समितिको भूमिका देहाय बमोजिम हुनेछ:-**

- जोन क्षेत्रमा भएका विद्यमान प्रविधि र पूर्वाधारहरूको अभिलेख तयार गर्न सहयोग गर्ने र जोन सञ्चालन अवधिको कार्ययोजना तयार गर्न परियोजना कार्यान्वयन एकाइलाई सहजीकरण गर्ने,
- जोन अन्तर्गतका कृषक, कृषक समूह, कृषि सहकारी, उद्यमी, कानून बमोजिम दर्ता भएका कृषि सम्बन्धित कम्पनी वा फर्महरूको विवरण अद्यावधिक गर्न सहजीकरण गर्ने,
- जोन क्षेत्रका कृषकहरूको माग सङ्कलन गरी परियोजना कार्यान्वयन एकाइमा पेश गर्ने, प्रविधि प्रसार एवम् उत्पादित वस्तुको बजारीकरण र उद्योगसँग जोड्न सहजीकरण गर्ने,
- जोन अन्तर्गत सामूहिक खेती, सहकारी खेती, चक्लाबन्दी खेती र पशुपालन प्रवर्द्धन गर्न परियोजना कार्यान्वयन एकाइलाई सहजीकरण गर्ने,
- परियोजना अन्तर्गत स्थापना गरिएका पूर्वाधारहरूको विकास, प्रयोग र सम्वर्द्धनमा समन्वय र सहजीकरण गर्ने,
- परियोजनाका सरोकारवालाहरूसँग समन्वय र सहकार्य गर्ने,
- जोन क्षेत्रभित्र सञ्चालन गरिने वार्षिक कार्यक्रमको सहभागितात्मक योजना तर्जुमाको लागि परियोजना कार्यान्वयन एकाइसँग समन्वय गर्ने,
- जोन विकास कार्यक्रमको अनुगमन एवम् पृष्ठपोषणमा परियोजना कार्यान्वयन एकाइलाई सहजीकरण गर्ने ।

काठमाडौँ उपत्यकाका तीनै जिल्लालाई हेर्ने यस एकाइ अन्तर्गत निम्नानुसार ६ वटा जोन कार्यक्रमहरू सञ्चालनमा रहेका छन् ।

| क्र.सं. | जोन | स्थापना वर्ष | कमाण्ड क्षेत्र (पालिकाको नाम, वडा आदि) |
|---|---|---|---|
| १ | आलु जोन, भक्तपुर | आ.व. २०७३/७४ | चाँगुनारायण न.पा. वडा नं. १ देखि ९ सम्म |
| २ | आलु जोन, काठमाडौँ | आ.व. २०७६/७७ | शंखरापुर न.पा. वडा नं. १ देखि ९ सम्म |
| ३ | तरकारी जोन, ललितपुर | आ.व. २०७६/७७ | गोदावरी न.पा. ३, ५, ६, ७, ८, ९ र १२ नं. वडाहरू<br>कोन्ज्योसोम गा.पा. १, २ र ३ नं. वडाहरू<br>वागमती गा.पा. १ र २ नं. वडाहरू |
| ४ | तरकारी जोन, भक्तपुर | आ.व. २०७८/७९ | मध्यपुर ठिमी न.पा. वडा नं. २, ६, ७, ८ र ९<br>सूर्यविनायक न.पा. वडा नं. १, ४, ७, ८, ९ र १० |
| ५ | तरकारी जोन, काठमाडौँ | आ.व. २०७८/७९ | नागार्जुन न.पा. वडा नं. ५, ६, ७, ८, ९ र १०<br>चन्द्रागिरी न.पा. वडा नं. १, २, ३, ४, ७, ९, १३ र १४ |
| ६ | दूध (गाई-भैँसी) जोन, ललितपुर | आ.व. २०७८/७९ | गोदावरी न.पा. का वडा नं १, २, ३, ४, ६, ७, ८, १०, ११, १३ र १४ |


**गुनासो सुन्ने अधिकारी**

टीकाराम शर्मा, वरिष्ठ कृषि अधिकृत (९८५१२१५३३९)

**सूचना अधिकारी:**

रमिन्द्र सुवाल, कृषि अधिकृत (९८५११४२१३१)

**थप जानकारीका लागि सम्पर्क:**

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

परियोजना कार्यान्वयन एकाइ

चुनदेवी, भक्तपुर, फोन नं.: ०१५७०८१००

इमेल: pmamp.piu.bhaktapur@gmail.com, वेभसाइट: htpp://piubhaktapur.pmamp.gov.np

**सम्पर्क कार्यालयहरू:**

क) जोन प्राविधिक एकाइ, साँखु, काठमाडौँ (०१-४४५१६५२)

ख) जोन प्राविधिक एकाइ, ठेचो, ललितपुर (०१-५५७०२७३)


# परियोजना कार्यान्वयन एकाइ भक्तपुरको परिचय



नेपाल सरकार

कृषि तथा पशुपन्छी विकास मन्त्रालय

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना

**परियोजना कार्यान्वयन एकाइ**

भक्तपुर, २०७८

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको संक्षिप्त जानकारी

## परिचयः

कृषि विकास रणनीति कार्यान्वयनको सहयोगी परियोजनाको रूपमा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने स्पष्ट मार्गचित्रका साथ कृषि उपजको उत्पादनका लागि आवश्यक प्रविधि तथा उत्पादन सामग्रीको व्यवस्था, बाली र वस्तु उत्पादनमा यान्त्रिकीकरण, प्रशोधन तथा बजारीकरणको लागि आवश्यक पूर्वाधारको व्यवस्था लगायतका क्रियाकलापमार्फत कृषि क्षेत्रको आधुनिकीकरणको परिकल्पना सहित स्वदेशी सोच, स्वदेशी लगानी र आन्तरिक संस्थागत जनशक्तिबाट प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना आ.व. २०७३/७४ देखि आ.व. २०८२/८३ सम्म १० वर्ष अवधिको लागि लागू भएको छ। परियोजनाको कूल लागत १ खर्ब ३० अर्ब प्रक्षेपण गरिएको छ।

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवम् आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने सोचका साथ सञ्चालन भएको यस परियोजनाको लक्ष्य समग्र मूल्य शृङ्खलाका अवयवहरूको एकीकृत संयोजन र परिचालनमार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण र दिगो आर्थिक अवसरहरू सिर्जना गरी राष्ट्रको समग्र विकासमा टेवा पुऱ्याउने रहेको छ।

## परियोजनाको सोचः

कृषिमा आधारित अर्थतन्त्रबाट कृषिजन्य उद्योगमा रूपान्तरित आधुनिक, व्यवसायिक, दिगो एवम् आत्मनिर्भर कृषि क्षेत्रको विकास गर्ने परियोजनाको सोच रहेको छ।

## परियोजनाको लक्ष्यः

समग्र कृषि मूल्य शृङ्खलाका अवयवहरूको एकीकृत संयोजन र परिचालनमार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकीकरण उन्मुख दीगो आर्थिक अवसरहरू सिर्जना गरी राष्ट्रको समग्र विकासमा टेवा पुऱ्याउने परियोजनाको लक्ष्य रहेको छ।

## परियोजनाका उद्देश्यहरूः

**यस परियोजनका देहाय बमोजिमका उद्देश्यहरू रहेका छन्:-**

- प्रमुख कृषि उपजहरूको विशिष्टिकृत क्षेत्रहरू निर्माण गर्ने,
- निर्यात योग्य कृषि वस्तुहरूको मूल्य अभिवृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने,
- कृषिलाई सम्मानजनक नाफामूखी व्यवसायका रूपमा विकास गर्दै रोजगारीका अवसरहरू सिर्जना गर्ने र
- बहुसरोकारवाला निकायहरू बीचको कार्यमूलक समन्वयमार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चितता गर्ने।

## परियोजनाका सम्भागहरूः

**यस परियोजना अन्तर्गत देहाय बमोजिमका सम्भागहरू रहेका छन्:-**

- साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम,
- व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम,
- व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम,
- बृहत् व्यवसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर जोन) विकास कार्यक्रम।

**परियोजनाको कार्यान्वयन तहमा चार वटा सम्भागहरू अन्तर्गत कार्यक्रम सञ्चालनका आधारहरू निम्नानुसार रहेका छन्।**

| बाली/वस्तु | एकाइ | भौगोलिक क्षेत्र-पहाड | | | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | पकेट | ब्लक | जोन | सुपरजोन | |
| खाद्यान्न बाली | हेक्टर | १५ | १०० | ५०० | १००० | |
| आलु, तरकारी बाली | हेक्टर | ७ | ३० | ५०० | १००० | |
| दलहन, तेलहन, मसला बाली, फलफूल आदि | हेक्टर | ७ | ७० | ५०० | १००० | |
| मौरी | घार संख्या | ३०० | १००० | ५००० | - | |
| कन्ये तथा गोब्रे च्याउ | के.जी. | १००० | १०००० | - | - | च्याउको बीउ |
| सिताके च्याउ | मुढा संख्या | ५००० | २५००० | - | - | |
| प्लाष्टिक घरमा खेती | हेक्टर | १ | १० | - | - | |
| माछा (जलाशय क्षेत्र) | हेक्टर | ४ | ४० | ५०० | १००० | |
| ट्राउट माछा (रेसवे) | वर्ग मिटर | १५०० | ३००० | - | - | |
| गाई | उन्नत संख्या | १०० | २०० | २००० | - | पकेटका लागि दैनिक १००० लि., ब्लकका लागि दैनिक २००० लि. र जोनका लागि दैनिक ५००० लि. दूध संकलन गर्ने कृषक उद्यमी वा समूह सहकारी |
| | स्थानीय/ वर्णशंकर संख्या | ३०० | ६०० | - | - | |
| भैंसी | उन्नत संख्या | ८० | १५० | १००० | - | |
| | स्थानीय/ वर्णशंकर संख्या | १५० | ३०० | - | - | |
| बाखा | संख्या | १००० | ५००० | १५००० | - | |
| बंगुर | संख्या | ८० | ५०० | १००० | - | माउ |
| कार्यान्वयन गर्ने निकाय | | स्था( नीय तह | कृषि ज्ञान केन्द्र/ भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | परियोजना कार्यान्वयन एकाइ | परियोजना कार्यान्वयन एकाइ | |

यी सम्भागहरूमा कृषि सामग्री आपूर्ति व्यवस्थापन, यान्त्रिकीकरण सहयोग, भौतिक पूर्वाधार सहयोग, अनुसन्धान-शिक्षा-प्रसार सुदृढिकरण सहयोग, कृषि आधुनिकीकरणका लागि विज्ञहरूको सेवा, कृषिजन्य उद्योगहरू स्थापना, प्रतिफलमा आधारित प्रोत्साहन अनुदान लगायतका कार्यक्रम सञ्चालन गरिनेछ।

## परियोजनाका रणनीतिः

- भूमिको वैज्ञानिक उपयोग-सहकारी खेती, करार खेती, कबुलियती (लिज) खेती, स्वेच्छिक रूपमा चक्लाबन्दीमा आवद्धता,
- आधुनिक कृषि प्रविधिको अवलम्बन,
- कृषि यान्त्रिकीकरण,
- पूर्वाधार विकास-सिँचाइ पूर्वाधार विकास, पोष्ट हार्भेष्ट केन्द्र, कृषि बजार सेवा पूर्वाधारहरू,
- कृषि उत्पादन सामग्री,
- रासायनिक र प्राङ्गारिक मल व्यवस्थापन,
- उत्पादन प्रविधि,
- कृषि अनुसन्धान, शिक्षा र प्रसार,
- प्रतिफलमा आधारित प्रोत्साहन अनुदान प्रणालीको अवलम्बन र
- गुणस्तर नियन्त्रण तथा खाद्य स्वच्छता स्थापना।

## राष्ट्रिय प्राथमिकताका बाली वस्तुः

आधारभूत खाद्यान्नमा आत्मनिर्भर हुने, पोषण सुरक्षामा टेवा पुऱ्याउने, आयात प्रतिस्थापन गर्ने र तुलनात्मक लाभ भएका निर्यात गर्न सकिने आधारमा केही बाली वस्तुहरू राष्ट्रिय प्राथमिकताको बाली वस्तुका रूपमा पहिचान भएका छन्। परियोजनाका सम्भागहरूः पकेट, ब्लक, जोन र सुपरजोन सञ्चालन गर्दा यी बाली वस्तुहरूमा मात्र सञ्चालन गरिनेछ। परियोजना अन्तर्गत सञ्चालित पकेट, ब्लक, जोन र सुपरजोनमा भौगोलिक सम्भाव्यता तथा राष्ट्रिय महत्वका निम्नानुसारका बाली/वस्तुहरू छनौट गरिनेछ।

(१) धान (२) मकै (३) गहुँ (४) तरकारी (५) आलु (६) सुन्तलाजात फलफूल (७) स्याउ (८) आँप (९) केरा (१०) दूध (गाई, भैंसी) (११) माछा (१२) मासु (बाखा, बंगुर) (१३) निर्यात प्रवर्द्धन बाली (कफी, अलैंची, अदुवा र बेसार) (१४) दलहन/तेलहन बाली (१५) मौरी

**नोटः** *परियोजनाका सम्भागहरू सञ्चालन गर्दा यी बाली वस्तुलाई प्राथमिकतामा राखी सञ्चालन गरिनेछ।*

## परियोजना कार्यान्वयन एकाइ, भक्तपुर

यो परियोजना आ.व. २०७३/७४ बाट काठमाडौं उपत्यकाको भक्तपुर जिल्लामा परियोजना कार्यान्वयन एकाइ अन्तरगत चाँगुनारायण नगरपालिकामा आलु जोनको स्थापना गरी सुरू गरिएको थियो। हाल काठमाडौं र भक्तपुर जिल्लामा आलु र तरकारी जोन गरी ४ वटा जोन, ललितपुर जिल्लामा तरकारी र दूध (गाई-भैंसी) जोन गरी २ वटा जोन सञ्चालनमा छन्। जोनमा बीउ/नश्ल, मल/आहारा र कृषि यन्त्र लगायतका उत्पादन सामग्री, सिँचाइ, विद्युत र सडक, कृषि बजार लगायतका पूर्वाधार, कृषि ऋण, बीमा (बाली सुरक्षण) एवम् नीतिगत सहजीकरण, कृषक व्यवसायीको क्षमता विकास र प्राथमिक प्रशोधन उद्योग प्रवर्द्धन जस्ता सेवा सुविधा र पूर्वाधारमार्फत कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि, कृषि उपज बजारीकरण र प्राथमिक कृषि प्रशोधन उद्योगहरू प्रवर्द्धन गरिनेछ।

### व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रमका उद्देश्यहरूः

- जोनमा समावेश गरिएका बाली/वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने,
- जोन क्षेत्रमा कृषि यान्त्रिकीकरण, कृषि पूर्वाधार विकास एवम् व्यवसायिकरण प्रवर्द्धन तथा प्रारम्भिक प्रशोधन केन्द्रहरूको स्थापनामार्फत कृषि आधुनिकीकरणको आधारशिला तयार गर्ने,
- जोन तथा आसपासका क्षेत्रहरूमा रोजगारी सिर्जना गर्ने।

## परियोजना कार्यान्वयन एकाइको भूमिका र जिम्मेवारीः

परियोजना अन्तर्गतको जोन/सुपरजोन विकास कार्यक्रम सञ्चालनको लागि परियोजना कार्यान्वयन एकाइको भूमिका देहाय बमोजिम हुनेछः-

- जोन विकासका लागि तय भएका नीति तथा कार्यक्रमहरूको कार्यान्वयन गर्ने,
- परियोजना कार्यान्वयनका लागि कृषि सहकारी, समूह र कृषि उद्यमीहरूको अभिमूखीकरण तथा क्षमता विकास गर्ने,
- सम्बन्धित बालीको अनुसन्धान तथा विकास केन्द्रका रूपमा कार्य गर्ने तथा बाली विशेषको पकेट, ब्लक, जोन र सुपरजोनसँगको अनुसन्धान प्रसार सेवा र कृषि शिक्षाको सम्बन्ध (Linkages) र पहुँच (Access) स्थापना गर्ने,
- बजेट तथा कार्यक्रम तर्जुमा र कार्यान्वयनसँग सम्बन्धित निकायहरूबीच कार्यमूलक समन्वयको व्यवस्था मिलाउने,
- जिल्ला स्थित कृषि/पशु सेवा हेर्ने कार्यालयसँगको समन्वयमा वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्ने,
- जोनमा भएका विद्यमान प्रविधि र पूर्वाधारहरूको अभिलेख तयार गर्ने,